नमस्ते । यो सन्देश सुपरिन्टेन्डेन्ट मरीन विनियन्डाको तर्फबाट पठाइएको हो । मैले आज धेरैवटा महत्त्वपूर्ण जानकारीहरू दिनको लागि फोन गरेकी हुँ ।

वुस्टर पब्लिक स्कूल्सले विद्यार्थी र कर्मचारीहरूलाई दूर सिकाई (रिमोट लर्निङ्ग) को सर्वेक्षण तपाईंहरूको इमेलद्वारा पठाईएको छ । अभिभावकहरूको लागि सर्वेक्षण अनुवाद भइ रहेको छ र सोमबार, जुन १५, २०२० मा सोसल मिडियाद्वारा पठाईने छ र साथै वुस्टर पब्लिक स्कूल्सको वेबसाइटमा पनि पोष्ट गरिनेछ । सर्वेक्षणमा कोभिड १९ को कारणले भएको बन्दमा रिमोट लर्निङ्ग तथा कर्मचारीबाट भएको सञ्चार सम्बन्धि प्रश्नहरू सोधिएका छन् । कृपया समय निकालेर यो सर्वेक्षण भर्नुहोला ताकि यसबाट आएको सूचना शैक्षिक वर्ष २०२०–२०२१ को पढाई तथा सिकाईको लागि उपयोग गर्नेछौं ।

वूटर पब्लिक स्कूल्सले किन्डरगार्टेन देखि कक्षा १२ (के–१२) सम्मका लागि सञ्चालन गर्ने भर्चुअल समर स्कूल कार्यक्रम वुस्टर पब्लिक स्कूल्सको वेबसाइट, Worcesterschools.org मा पोष्ट गरि सकिएको छ । रजिष्ट्रेसन ( दर्ता) फारम वेबसाइटमै भर्न सकिनेछ । विद्यार्थीका आमाबुवाले कार्यक्रममा दर्ता गराउनका लागि  स्कूलको प्रिन्सिपल र/अथवा शिक्षकलाई पनि सम्पर्क गर्न सक्नेछन् । धेरैजसो कार्यक्रमहरूको समर स्कूल आउँदो हप्ता बुधबार, जुन १७ देखि सुरु हुनेछ । विद्यार्थीहरूले यो हप्तामा भर्चुअल समर स्कूलको लागि दर्ता गर्नु पर्नेछ । विशेष शिक्षा (स्पेसल एजुकेशन) कार्यक्रमहरू जुलाई ६ तारीक देखि सुरु हुनेछ ।

किन्डरगार्टेन देखि ६ कक्षा सम्मको कार्यक्रमहरू एसटी म्याथ तथा लेक्सियाहरू लगायत वुस्टर पब्लिक स्कूल्सको विस्तारित सिकाईका स्थान समर भरी नै विद्यार्थीरूको प्रयोगको लागि उपलब्ध रहने छन् । तपाईंको बच्चाको रिपोर्ट कार्ड हुलाकबाट पठाईने छ । हुलाक मार्फत पठाइने कुराहरूमा स्पेसल एजुकेशनका रिपोर्ट कार्ड, समरमा खाना खुवाईने स्थानहरू बारे जानकारी, र सबै कक्षाका विद्यार्थीहरूले समरमा प्रयोग गर्नका लागि उपलब्ध निशुल्क एप्सहरूको जानकारी हुनेछ ।

जर्ज फ्लोएडको अमानवीय हत्यापछि मैले गत हप्ताहरूमा वुस्टर पब्लिक स्कूल्सका कर्मचारी, विद्यार्थी र उनीहरूका पविारसँग धेरै कुराकानीहरू गरेकी छु । उनीहरूले आक्रोस, डर र पीडा पोखेका थिए भने सबैजनाले जातीयता र असहिष्णुताबाट मुक्त स्कूल समुदायको साझा लक्ष्यको बारेमा छलफल गरेका थिए । वुस्टर पब्लिक स्कूल्सका कर्मचरीहरूले सबै विद्यार्थीहरूलाई सफल बनाउन शैक्षिक अवसरहरू प्रदान गर्ने प्रतिबद्धता देखाएका छन् । वुस्टर पब्लिक स्कूल्सले हरेक बच्चालाई शिक्षामा पहुँच दिने र जातीयता र पूर्वाग्रह विहिन संस्कृतिमा सफल हुने कुराको सुनिश्चित गर्न प्रतिबद्ध छ भन्ने कुरा यहाँहरूलाई बताउन चाहान्छु । हाम्रा विद्यार्थीहरू र कर्मचारीहरूलाई थप सहयोग र तालीम प्रदान गर्न आवश्यक रहेको कुरा हामीलाई अवगत छ । शैक्षिक वर्ष २०१९–२०२० मा सुरु भएको यूमास ट्रमा सेन्टरका डा. हेदर फोर्कीले दिने मानसिक आघात र सहनशीलता, समावेशी पाठ्यक्रम सुल्झाउनका लागि साँस्कृतिक मैत्री व्यवहार र कर्मचारीले विद्यार्थीलाई अनुशासित गर्ने कुरालाई सुधार गर्न सामुहिक समस्या समाधान तालीमलाई वुस्टर पब्लिक स्कूल्सले थप विस्तार गर्नेछ । २०२० जुलाई १ तारीकबाट चिफ डाइभर्सिटि अफिसरले काम शुरु गर्नेछन् । हाम्रा चिफ डाइभर्सिटि अफिसर इभोन पेरेजसँग च्यान्डलर म्याग्नेट स्कूलको प्रिन्सिपल भएर वुस्टर पब्लिक स्कूल्समा सफलता पूर्वक काम गरेको अनुभव छ । आफ्नो समुदायलाई प्रतिनिधित्व गर्ने कुशल शिक्षकबाट नै विद्यार्थीहरूले उत्कृष्ट शिक्षण पाउँछन् भन्ने कुरा हामीलाई थाहा छ । त्यसैले सुश्री पेरेजले विविधतालाई सम्मान र सराहना गर्ने खालको सबल संस्कृतिको विकास गर्ने, श्रमशक्तिमा विविधता बढाउने लगायतका कुरामा ध्यान केन्द्रित गर्नु हुनेछ ।

अगष्टमा स्कूल कुन दिन खुल्ने भन्ने सम्बन्धमा थप जानकारी कमिश्नर अफ एजुकेशनले जुन महिनाको आगामी दिनमा दिनेछन् । म तपाईहरूलाई समरमा अरु थप जानकारी दिन सम्पर्क गर्नेछु ।

म सम्पूर्ण आमाबुवा तथा अभिभावकहरूलाई तपाईहरूको वुस्टर पब्लिक स्कूल्सका कर्मचारीहरूसँगको सहकार्यका लागि धन्यवाद दिन चाहान्छु।

ससम्मान,
मरीन विनियन्डा